# इमान्दार राष्ट्र सेवक
# उषा नेपाल



जन्म मिति : वि.सं. २०००

# इमान्दार राष्ट्र सेवक : उषा नेपाल



- कमला सुवेदी

"ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पिपल" भनेझैं पुरातनवादी समाजमा पनि कडा मेहनत र सङ्घर्ष गरी आफ्नो लक्ष्यमा पुग्न सफल महिलाको नाम हो उषा नेपाल । विगतमा शिक्षा-दिक्षा, आय-आर्जन र प्रशासनिक काम महिलाको कित्तामा पर्दैनथे, महिलाको काम चुला-चौका गर्ने, घर व्यवहार धान्ने र वंश चलाउने मात्र हो भन्ने मान्यता राख्ने परम्परावादी समाज र पुरुषवादी सोच बोकेको तत्कालीन समयमा एक महिलाले प्रशासनिक क्षेत्रमा माथिल्लो तहको जिम्मेवारी बहनगर्नु निकै चुनौतिपूर्ण कार्यथियो । देशमा बहाल रहेको राणा शासनको उत्तरार्धमा महोत्तरी जिल्लाको जावक भन्ने गाउँमा आमा इन्दिरा देवी र बुबा स्वर्गीय भगवतीप्रसाद पोखरेलका आठ सन्तान (चार छोरा चार छोरी) मध्ये माहिली छोरीको रुपमा वि.सं. २००० साल (सन् १९४३)मा उषा नेपालको जन्म भएको थियो ।

गाउँमा विद्यालय नभए पनि हुने खाने सम्पन्न परिवारले घरमै शिक्षक राखेर पढाउने चलन थियो,त्यसबेला । महिलाप्रति उदार भावना भएको परिवार मा जन्मिएका कारण उहाँले दाजुभाइसँगै घरमै बाह्रखरी पढ्ने मौका पाउनुभयो । धर्मकर्ममा रुचि राख्ने हजुरआमा काशीमा बस्नुहुन्थ्यो । उहाँको पालन पोषणका लागि परिवार २००६ सालमा वनारस गयो । घरमै साउँ-अक्षर चिनेका कारण वनारसको अग्रवाल समाज विद्यालयमा कक्षा दुईमा भर्ना भएर उहाँले औपचारि क शिक्षाको शुरुआत गर्नु भयो । उहाँको स्वभाव बाल्यकालदेखि नै निडर र हक्की खालको थियो ।

तीन वर्षको वनारस बसाइपछि वि.सं.२००९ सालमा पोखरेल परिवार नेपाल फर्कियो । घरका बालबच्चाको पढाइ गाउँमा नहुने देखेपछि पोखरेल परिवारले जनकपुरमा बस्ने निर्णय गऱ्यो । उहाँलाई जनकपुरको सरस्वती हाई स्कुलमा कक्षा छ मा भर्ना गरियो । तेह्र वर्षको कलिलो उमेरमै कक्षा नौमा पढ्दै गर्दा विर ाटनगर निवासी नेपाल परिवारसँग उहाँको वैवाहिक सम्वन्ध गाँसियो । नेपाल परि वार विवाह पछि बुहारीले पढ्नु हुन्छ भन्ने मान्यतामा त्यति सकारात्मक थिएन

तर, उहाँमा रहेको दृढ निश्चयका कारण विराटनगरकै बालिका विद्यालयबाट एसएलसी उत्तीर्ण गर्नुभयो। एसएलसी पछि विज्ञान विषय पढ्ने उहाँको ईच्छा कलेजको पढाइको समयका कारणपूरा हुन सकेन । विज्ञान विषय साँझमा मात्र पढाइ हुन्थ्यो । बुहारीलाई साँझमा कलेज पठाउने सहमति परिवारले दिएन । त्यसपछि प्राइभेटबाट वोर्डको परीक्षा दिएर आइए पास गर्नुभयो । भारतको इलाहावाद युनिभर्सिटीबाट प्रमाणपत्र तह र बनारस हिन्दू युनिभर्सिटीबाट स्नातकसम्म र कोलम्वो प्लान अन्तर्गत पटना युनिभर्सिटीबाट स्नातकोत्तरको अध्ययन पूरा गर्नुभयो । उहाँका यी सबै पढाई परिवारकै सहयोगमा भएको थियो ।

स्नातक तह पूरा गरेपछि बिराटनगरमै आफैंले अध्ययन गरेको बालिका विद्यालयमा शिक्षिका भई डेढवर्ष काम गर्नुभयो । त्यसैगरी पछि सोही विद्यालयको व्यवस्थापन समिति सदस्यको भूमिका पनि निभाउनु भयो । स्नातकोत्तर अध्ययनका लागि कोलम्वो प्लान अन्तर्गत छात्रवृत्ति पाए पनि परिवारका सदस्यहरूले त्यत्ति सजिलै स्वीकृति दिएनन् । कोइराला परिवार र नेपाल परिवारबीच ज्यादै घनिष्ट सम्बन्ध थियो । कोइराला परिवारले उषालाई धेरै माया गर्ने, सरसल्लाह दिने, हौसला दिने गर्दथे । वीपी, सुशीला, मृदुलालगायतका कोइराला परिवारका सदस्यहरू उहाँलाई आफ्नै छोरी जस्तै नजिकको व्यवहार गर्थे । माया गर्थे । स्नातकोत्तर अध्ययनका क्रममा परिवारले रोक्ने प्रयास गर्दा पनि 'तिमीले जसरी पनि पढ्न जानुपर्छ' भनेर शान्ता कोइरालाले थप बल प्रदान गर्नुभएको थियो । पढ्न जानका लागि सुशीला कोइरालाले पटनामा रेहका वीपीका साथी देवेन्द्रलाई उषाको बारेमा सबै कुरा उल्लेख गरेर चिठी लेखिदिनुभयो । पटनामा पुगेपछि सबै व्यवस्था देवेन्द्रले मिलाई दिनुभयो । वीपीले बेलावखत हेर उषा, अरु जे भएपनि तिम्रो ससुराले तिमीलाई पढाएर ठूलो धर्म गरेका छन् भनेर हौस्याउनु हुन्थ्यो ।

छोरीलाई बाहिर निस्कन पनि बन्देज रहेको समयमा एमएसम्मको अध्ययन पूरा गर्नु चानचुने कुरा होइन । घरभित्र काम गर्ने कामदार भएपनि बुहारीको भूमिका निभाउनु नै पर्दथ्यो । खाना बनाउने, पात गाँस्ने, जनै बनाउने,

सासू, नन्द आमाजूको गोडा मिच्ने जस्ता सम्पूर्ण काम गर्नुपर्ने र पढाईलाई पनि समय दिनुपर्ने भएकोले सबै परिवार सुतेपछि उउहाँले पढाई लेखाई गर्न थाल्नुहुन्थ्यो। ३-४ घन्टाको सुताईमा रात कट्थ्यो। जस्तासुकै अप्ठ्यारा बाधाअड्चन र हन्डरहरूबाट विचलित नभई सतिसाल झैं अडिग भई उभिएका कारण आज उषा नेपाल, नेपालको पहिलो महिला प्रमुख जिल्ला अधिकारी (सिडिओ) को रूपमा परिचित हुनुभएको छ । हाम्रा समाजमा यस्ता धेरै उषाहरूका इच्छाहरू मिर्रमिरे मै निमोठिएका छन् तर, अदम्य सहास र धैर्यताका कारण उषा नेपाल महिलाहरूकी प्रेरणादायी उदाहरण बन्नुभएको छ ।

वनारस नेपाली राजनीतिको उद्‌गम थलो नै भने पनि हुन्छ । एमए पढ्न बनारस बस्दा नेपालका धेरै राजनीतिक नेताहरूसँग उहाँको चिनजान भयो । उहाँ कुनै राजनीतिक पार्टीको सदस्य बन्नु भएन तर, सबै राजनीतिक दलका बारेमा जानकारी राख्नुहुन्थ्यो । नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलाल र साहना प्रधानसँग उहाँको धेरै घनिष्ट सम्बन्ध थियो । पुष्पलालले उहाँलाई मार्क्सवाद लेनिनवादका पुस्तकहरू पढ्नका लागि उत्प्रेरित गर्दै कम्युनिष्ट पार्टीमा आवद्ध हुन आग्रह गर्नुहुन्थ्यो । तर, पढाइ बिग्रेला र आफ्नो लक्ष्यमा पुग्न नसकिएला भनेर उहाँले कुनै पनि दलको सदस्यता लिई काम गर्नुभएन । कोइराला परिवारसँग बिराटनगर देखिनै घनिष्ट सम्बन्ध भएर पनि काङ्ग्रेस पार्टीको कार्यकर्ता भएर उहाँ कहिल्यै हिँड्नुभएन । काङ्ग्रेस, कम्युनिष्ट सबैसँग बसेर खुलेर तर्क विर्तक गर्नुहुन्थ्यो, कुरा सुन्नुहुन्थ्यो तर, कुनै पार्टीको कार्यकर्ता बनेर लाग्नुभएन । उन कुनै दलमा सामेल नहुनुमा नेपालको राजनीतिक व्यवस्था पनि कारक बन्यो । निर्दलीय पञ्चायती व्यवस्थामा कुनै पनि राजनीतिक दलको सदस्य बन्नु ठूलो अपराध मानिन्थ्यो । विपक्षी राजनीतिक विचारधारका व्यक्तिहरू सरकारका कुनै पनि तहमा काम गर्न अयोग्य ठहरिने भएकाले पनि आफ्नो लक्ष्यमा पुग्न नसकिएला कि भनेर उहाँले राजनीतिक दलहरूसँग काम गर्न सक्नुभएन ।

मनोविज्ञानमा स्नातकोत्तर अध्ययन पूरा गरेर विराटनगर फर्किएपछि महिला शिक्षाको लागि केही गर्ने जोशमा चार जना साथीहरू मिलेर उषाले आदर्श बालबाटिका अङ्ग्रेजी (मण्टेश्वरी) स्कूल खोल्नुभयो । त्यत्रो पढेलेखेकी महिला

स्कूलमै सीमित हुने हो कि भनेर केही शुभचिन्तकहरूले उहाँको भविष्यका बारेमा चिन्तागर्न थालेपछि उहाँले बिराटनगरको बसाई छोट्याउनु भयो। त्यसबेला काठमाडौँमा पद्मकन्या र त्रिचन्द्र कलेजमा मनोविज्ञान विषय पढाउने प्राध्यापकको दरबन्दी खाली रहेछ। उहाँका आफन्तहरूले प्रयत्न गरेपछि प्राध्यापन गर्नका लागि काठमाडौँ आउन अनुरोध गर्दै शिक्षा मन्त्रालयले उहाँलाई पत्र पठायो। नयाँ अवसर पाउँदा पनि उहाँको परिवारले काठमाडौँमा एक्लै बस्ने कुरामा स्वीकृत दिन मानेन। आफ्नो भविष्य सुनिश्चित गर्न सिङ्गो परिवारलाई चुनौती दिँदै महिलाले पनि केही गर्न सक्छन र म गरेर देखाउँछु भन्ने दृढ सङ्कल्पका साथ एकल निर्णय लिई काठमाडौँ आएर उहाँले त्रिचन्द्र कलेजमा प्राध्यापन शुरु गर्नु भयो। त्यसबेला उहाँको तलब स्केल ४ सय ७५ रुपियाँ थियो। सञ्चय कोष कटाएर मासिक ४ सय २० रुपियाँ हात पर्थ्यो। काठमाडौँ बस्दा परिवारका तर्फबाट कुनै आर्थिक सहयोग भएन। तलबले गुजारा गर्न धौ धौ परेपछि बिहान रत्न राज्य क्याम्पसमा अतिरिक्त कक्षा लिन थाल्नुभयो। यहाँबाट प्राप्त हुने १ सय ५० रुपियाँले दैनिकीलाई केही सहज तुल्यायो। उहाँले विसं. २०२७-०२८ सालतिर रत्न राज्य क्याम्पसमा प्राध्यापन गर्दा अष्टलक्ष्मी शाक्य पनि उहाँकै विद्यार्थी भएर त्यही कलेजमा पढ्नुहुन्थ्यो। तर उहाँ अध्यापन पेशामा धेरै लामो समय रहनु भएन। २०३३ सालमा नयाँ शिक्षा लागू भएपछि विश्वविद्यालय वा सरकारी सेवामध्ये एउटा रोज्नुपर्ने भयो। उहाँले निकै सोच विचार गरी सरकारी सेवा रोज्नुभयो र महिला प्रशिक्षण केन्द्रमा इन्स्ट्रक्टरको पदमा काम गर्न थाल्नु भयो। कामकै सिलसिलामा २०३५-३६ सालतिर सरुवा भएर पहाडी जिल्ला धनकुटा जानुभयो। धनकुटा बसाईको ८-९ वर्षमा पूर्वाञ्चलका प्रायः सबै जिल्लामा तालिम प्रशिक्षकका रुपमा पुगेर सेवा गर्नुभयो। त्यहीँछँदै मानवपोषण (Human Nutrition) विषयमा पढ्नका लागि प्रतिस्पर्धामा छानिएपछि अध्ययनका लागि उहाँलाई लण्डन जाने अवसर मिल्यो। त्यही काम गर्दागर्दै ग्रामीण विकास CRDP (Centre For Rural Development Program) कार्यक्रमका लागि जापान जाने अवसर पनि मिल्यो। त्यस कार्यक्रममा जानका लागि अनुरोध गर्दा सरकारी सेवाबाट बिदा समेत नदिएर हाकिमहरुले असहयोग गरेका थिए। उहाँ आफ्नै नीजि बिदा मिलाएर जापान जानुभयो।

धनकुटामा बसेर लामो समयसम्म काम गरे पनि काठमाडौंमा बस्ने प्रशासकहरूको आँखा उहाँमाथि सकारात्मक हुन सकेन। चाकरी गर्नेहरूले विभिन्न अवसरहरू पाउँथे, मानपदवी थपिन्थ्यो तर चाकडी चाप्लुसी गर्ने स्वभाव नभएका कारण सेवा अवधिमा आईपर्ने अनेकौं अवसरबाट उहाँले बञ्चित हुनुपर्‍यो। विभिन्न अवसरबाट बञ्चित रहनु परेपनि आफ्नो पदोन्नतिका लागि कसैसँग हात नजोडेकोमा उहाँमा गर्व छ। मन्त्रालयमा कामगर्ने हाकिमहरूले राजधानीबाट टाढा बस्नेलाई दोस्रो दर्जाको रुपमा हेर्ने प्रवृत्ति थाहापाएपछि २०४३ सालमा उहाँ काठमाडौं सरुवा भएर आउनुभयो। त्यसै ताक उहाँले हुवर्ट हम्फ्रो फलोशिप प्रोग्राम (Hubert Humphruy Felloship Programme) मा अध्ययनका लागि १ वर्ष अमेरिकाको कर्णेल युनिभर्सिटीमा जाने अवसर प्राप्त गर्नुभयो। त्यसबेला पनि हाकिमहरूको वक्रदृष्टि उहाँमाथि पर्न छोडेन। अध्ययन बिदा स्वीकृत गराएर गएपनि पछि हाकिमहरूले त्यो बिदालाई असाधारण बिदामा परिणत गरिदिए। नेपाल फर्किएपछि अध्ययन बिदा स्वीकृत गराउन उहाँले फेरि सङ्घर्ष गर्नुपर्‍यो। २०४६ सालमा प्रजातन्त्रको पुनः बहाली भएपछि मात्र उहाँले न्याय पाउनुभयो। अध्ययन बिदा स्वीकृत भयो र विवाद टुङ्गियो।

यसरी महिला भएकै कारण विभिन्न क्षेत्रमा काम गर्दा अनाहकमा धेरै झन्झटहरू झेल्नुपर्‍यो उषाले। जस्तोसुकै प्रतिकुल अवस्थामा पनि डटेर त्यसलाई सामना गर्ने हिम्मत थियो उहाँमा। आफू महिला हुँ केही गर्न सक्तिन भनेर समस्याबाट पछि हट्ने र हीनताबोध पालेर कहिल्यै बस्नु भएन। उहाँको ध्यान सँधै अप्ठ्याराहरूलाई कसरी समाधान गर्ने भनेर उपाय खोजी गर्नमा केन्द्रित रहन्थ्यो।

२०४७ सालमा जिल्लाको प्रमुख प्रशासक बनेर काम गर्नका लागि प्रस्ताव आएकाले नयाँ कामको अनुभव गर्नका लागि उहाँले प्रजिअको जिम्मेवारी स्वीकार्नु भयो। यही सिलसिलामा उहाँलाई भक्तपुर जिल्लाको प्रमुख जिल्ला अधिकारी भएर काम गर्ने अवसर प्राप्त भयो। नेपाल कै पहिलो महिला प्रजिअ भएकाले काठमाडौं उपत्यका भित्रै पठाउनुमा उहाँको योग्यता क्षमताको परीक्षण गर्नुपनि रहेछ। कुनै अप्ठ्यारो आइपरेमा नजिक भएका कारण

तत्कालसमाधान गर्न सजिलोहोस् भनेर उपत्यका भित्रै राखिएको रहेछ । महिला जिल्लाको प्रमुख प्रशासक हुनु समाजका निमित्त सजिलै स्वीकार्ने विषय बन्न सकेन । पत्रपत्रिकाले तत्कालीन गृहमन्त्री योगप्रसादकी भाञ्जी भएकै कारण उषालाई प्रजिअ बनाएर भक्तपुर लगेको भन्ने जस्ता झुटा प्रचार पनि गरे। योग प्रसादसँग सात पुस्तासम्म उहाँको कुनै नाता सम्बन्ध नभएपनि त्यसपछि चाहिँ उहाँले योगलाई मामा नै भन्न थाल्नुभएछ । भक्तपुर पछि बाँके, सोलुखुम्बु, मुस्ताङ, पर्सा, सिराहा र अन्त्यमा काठमाडौँको अढाइ वर्ष प्रमुख जिल्ला अधिकारी बनेपछि उहाँले सरकारी सेवाबाट विश्राम लिनुभयो । जिल्लाको प्रमुख प्रशासक भएर काम गर्दा राजनीतिक दवावहरू प्रशस्तै आउने भएकाले एउटी महिला प्रशासकलाई काम गर्न गाह्रो थियो । हाम्रो जस्तो पुरातनवादी, पित्रृसतात्मक र सामन्ती सोच भएको देशमा महिलाको नेत्रृत्वलाई समाजले सहज ढङ्गले स्वीकार्न नसक्नुको पछाडि महिलाले पनि जिम्मेवार तहमा रहेर कुशलतापूर्वक आफ्नो भूमिका निर्वाह गर्न सक्छन् भन्ने विस्वास नहुनु नै हो भन्ने उहाँको ठम्याई छ । तर, काम गर्दा आइपर्ने राजनीतिक दवावलाई सामान्य ठान्दै पदमा रहुन्जेल उहाँले कहिल्यैपनि नियम विपरितका काम गर्नुभएन । यसैमा उहाँलाई ठूलो सन्तुष्टि पनि छ ।

उमेरका हदले गर्दा २०५८ सालमा अवकाश भएपछि उहाँलाई निर्वाचन आयोगको आयुक्तको पदमा काम गर्नको लागि संवैधानिक समितिबाट दुई पटकसम्म सिफारिस भयो तर तात्कालीन राजा ज्ञानेन्द्रले स्वीकृत दिएनन् । २०६२/६३ सालको जनआन्दोलन पश्चात गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बनेपछि उहाँलाई निर्वाचन आयुक्तको रुपमा काम गर्ने मौका मिल्यो । दुईवर्ष त्यहाँ काम गरेपछि उहाँले अवकास लिनुभयो । महिला भएकै कारणले प्रशासनिक सेवामा रहँदा धेरै झन्झट र हण्डर खेप्नु परेको सम्झना अझपनि उहाँमा ताजा छ । कतिलाई त त्यसबेलासम्म महिला पनि प्रजिअ हुन्छन् भन्ने कुरा नै थाहा थिएन । कतिपय स्थानमा जाँदा सरकारी गाडी प्रयोग गरेको भनेर प्रहरीले रोकिदिन्थ्यो । सुरक्षा गार्डले उहाँ प्रजिअ साहेब हुनुहुन्छ भन्दा समेत पत्याउँदैनथे र यो गाडी प्रजिअ बोक्ने हो,उहाँकी श्रीमती बोक्ने होइन भनेर

रोकिदिन्थे । महिला भएकै कारणलेगर्दा यस्ता अनगिन्ती समस्याहरू उहाँले झेल्नु भएको छ ।

प्रशासनिक सेवाको उत्तरार्धमा अर्को अविष्मरणीय क्षणको सामना गर्नुपर्‍यो उषालाई । सचिवहरूले उहाँको उमेरको विषयलाई लिएर विवाद खडा गरे । त्यसको विरुद्ध उहाँले सर्वोच्च अदालतमा मुद्दा समेत दायर गर्नुभयो । सर्वोच्च अदालतको फैसला उहाँको पक्षमा भयो । फैसला अनुसार तत्कालीन गृहसचिव र सामान्य प्रशासन सचिवलाई जनही १-१ रुपियाँको जरिवाना गरियो । जरिवानाको रकम थोरै भएपनि सचिवहरूको निमित्त त्यो एउटा ठूलै दण्ड थियो । हठ्ठी स्वभावका साथै प्रष्ट वक्ता भएकाले नियम विपरित काम नगर्ने र आर्थिक प्रलोभनमा पनि नपर्ने भएको हुँदा उहाँले कहिल्यै भ्रष्टाचार वा कुनै अनियमितताको लान्छना खेप्नु परेन । कहिल्यै अनुचित रकम पनि जम्मा गर्नु भएन । परिवारका तर्फबाट छोरा सरह अंश प्राप्त गरे पनि आफ्नै खुट्टामा खडा हुनुभयो

परम्परागत सामाजिक संरचना र दृष्टिकोणका कारणले जीवनमा धेरै कष्ट भोगेकी उषाको दाम्पत्य जीवनको अनुभूति पनि तीतो रहन पुग्यो । तर , प्रारब्धले जे सुकै गरेपनि उहाँ कहिल्यै समस्याबाट भाग्नु भएन । उहाँकै शब्दमा बालक कालदेखि नै उहाँ जिद्धी र हठ्ठी स्वभावकी हुनुहुन्थ्यो । छोराको झैं हठ गर्ने भएकाले आमाले उहाँलाई छोराकै जस्तो पहिरन लगाइदिनु हुन्थ्यो । १३ वर्षको कलिलो उमेरमा विवाह बन्धनमा बाँधिएकी उषाले १७ वर्षको जवानीमा टेक्दानटेक्दै पति वियोग खेप्नुपर्‍यो । त्यसबेलाको समाजले पति वियोगलाई भाग्यसँग जोडेर लेखाजोखा गर्दथ्यो । सम्पन्न र सामयिक चेतना भएकोकारण परिवारबाट अपहेलना सहन नपरे पनि आफूलाई सन्तुलनमा राखेर शिक्षा आर्जनलाई अगाडि बढाउनु ज्यादै कठीन कार्य थियो ।

नेपाली महिलाका सन्दर्भमा उहाँको आफ्नै दृष्टिकोण छ । उहाँको भनाईमा हाम्रो देशका महिलाहरू सक्षम छन् तर अवसरको खाँचो छ । महिलालाई समावेशीको आश्वासन होइन अवसर धेरै दियो भने महिलाहरुको उन्नति छिटो हुन्छ । उहाँका विचारमा नेपाली महिलाहरूले जस्तो आर्थिक, सामाजिक, सांस्कृतिक समस्या भोगिरहेका छन् त्यही ठाँउबाट सङ्घर्ष गर्दै अघि बढ्नुपर्छ । जीवनमा

आइपर्ने सानातिना घटनाबाट विचलित नभै दृढ निश्चयी भएर निरन्तर लागिर हेमा सफल हुन सकिन्छ । निराशा भनेको लक्ष्य, उद्देश्य र जीवनको समेत समाप्ति हो उषा नेपालको बुझाइमा । आशावादी, आत्मविश्वासी, इमान्दारि ता, दृढ निश्चय, क्रियाशीलता उहाँको जीवनका अभिन्न पक्ष हुन् । राणाकालमा जन्मिएर पञ्चायती कालखण्डमा शिक्षा-दीक्षा प्राप्त गरी सार्वजनिक जीवनमा प्रवेश गर्नु भएकी उषाले नेपालको लोकतान्त्रिककालको समेत अनुभव आर्जन गर्नुभएको छ ।

जस्तोसुकै आपत् विपत् र अप्ठ्यारो परिस्थितिमा पनि विचलित नहुनु उहाँको एउटा पहिचान हो । एकल जीवन बाँच्नु, पारिवारिक असहजता बेहोर्नु र सर कारी सेवाका क्रममा आइपरेका अप्ठ्याराका सामु दृढ भएर निरन्तर खडा भइरहन सक्नु उहाँको पहिचानको दोश्रो पाटो हो । उहाँले जिल्लाको प्रमुख प्रशासक भएर तराई, पहाड र हिमालका विभिन्न ठाउँको अनुभव सँगाल्नु भएको छ। यसैले उहाँ इमान्दारीताको प्रतिमूर्ति, न्याय र निष्पक्षताको संवाहक, कर्तव्य पालनाको जिउँदो उदाहरण बन्न पुग्नु भएको छ । उषा नेपाल एक सफल राष्ट्रसेवक महिला र प्रथम प्रमुख जिल्ला अधिकारी हुनुले उहाँको व्यक्तित्वलाई त सिखरमा पुऱ्याएकै छ, उहाँ सम्पूर्ण नेपाली महिलाका निमित्त प्रेरणाको श्रोत पनि हुनुहुन्छ ।

■ ■ ■